# नेपाल नगरपालिका संघ

## उत्कृष्ट नगरपालिका छनौटका लागि प्रश्नावली फारम
## २०७६

**प्रश्नावली भर्ने सम्बन्धी जानकारी :**

१. प्रश्नावली नं. १ देखि ८३ सम्म क, ख र ग मध्ये आफ्नो नगरपालिकासँग मिल्ने कुनै एकवटा विकल्पमा चिन्ह लगाउनु पर्नेछ ।
२. प्रश्न नं. ८४ देखि ८६ को ढाँचामा भए अनुसारको उत्तर नेपालीमा टाइप गरी पठाउनु पर्नेछ ।
३. प्रश्नावली भरीसकेपछि प्रमुख प्रशासकीय अधिकृतबाट रुजु गराई नगरप्रमुखबाट प्रमाणित गरी नगरपालिकाको छाप लगाई सूचनामा उल्लेखित मितिभित्र नेपाल नगरपालिका संघ केन्द्रीय कार्यालय वा संघको प्रदेश कार्यालयमा पठाउनु पर्नेछ ।
४. प्रश्नावलीमा उल्लेख भएका विषय अस्पष्ट भएमा फोन, इमेल मार्फत संघको कन्द्रीय कार्यालय वा प्रदेश कार्यालयबाट थप जानकारी लिन सकिने छ ।

## क) सुशासन (पूर्णांक १५)

**१. आर्थिक वर्ष २०७५/७६ मा नगरसभाको बैठक कति पटक बसेको थियो ?**
*(स्थानीय सरकार संचालन ऐन २०७४ दफा १९)*

क) सभाको बैठक एक पटक पनि नबसेको ☐ ० अंक
ख) वर्षमा दुई पटक ६ महिनाभन्दा बढी अन्तर नहुने गरी बजेट र विधेयक नगरसभाको बैठक बसेको ☐ ०.५ अंक
*(पुष्ट्याईको आधार : निर्णय पुस्तिका)*

**२. आर्थिक वर्ष २०७६/७७ को बजेट प्रस्तुति र स्वीकृति कहिले र कसरी गरिएको थियो ?**
*(स्था.स.सं.ऐन दफा ७१)*

क) असार मसान्तभित्र बजेट स्वीकृत नभएको ☐ ० अंक
ख) असार १० गतेभित्र बजेट पेश नभएको तर असार मसान्त्रभित्र स्वीकृत भएको (वा अध्ययन तथा छलफलका लागि पर्याप्त समय नदिएको) ☐ ०.५ अंक
ग) असार १० गतेभित्र बजेट प्रस्तुति भई पर्याप्त अध्ययन तथा छलफलको समय दिई असार मसान्तभित्र स्वीकृत भएको ☐ १ अंक
*(पुष्ट्याईको आधार : सभाको सूचना, निर्णय पुस्तिका र कार्यपालिकाको निर्णय पुस्तिका)*

**३. नगरसभा तथा नगर कार्यपालिकाको बैठक सम्बन्धी सूचना दिने प्रक्रिया कस्तो रहेको छ ?**
*(स्था.स.सं.ऐन दफा १९)*

क) बैठकको कार्यसूची वारे पूर्व जानकारी दिने नगरेको ☐ ० अंक
ख) बैठकको कार्यसूची वारे सवै सदस्यहरुलाई लिखित रुपमा पूर्व जानकारी दिने गरेको ☐ ०.५ अंक
*(पुष्ट्याईको आधार : सूचनाको प्रति, निर्णय पुस्तिका)*

**४. आर्थिक वर्ष २०७५/७६ मा नगर कार्यपालिकाको बैठक कतिपटक बसेको थियो ?**
*(स्था.स.सं.ऐन दफा १७)*

क) मासिक रुपमा नियमित बैठक नबसेको ☐ ० अंक

ख) सामान्यतया महिनामा एक पटक बैठक बसेको ☐ ०.५ अंक

ग) प्रत्येक महिनामा कम्तिमा एक पटकमा नघट्ने गरी आवश्यकता अनुसार बैठक बसेको ☐ १ अंक

*(पुष्ट्याईको आधार : निर्णय पुस्तिका)*

**५. नगरसभाले आफ्नो कार्यप्रणालीलाई व्यवस्थित गर्न कार्यविधि बनाई लेखा समिति, विधायन समिति, सुशासन समिति गठन गरिएको छ कि छैन ?** *(स्था.स.सं.ऐन दफा २२)*

क) माथिका कुनै पनि समिति गठन भएको छैन ☐ ० अंक

ख) माथिका कम्तिमा एउटा समिति गठन भई सक्रिय रहेको ☐ ०.५ अंक

ग) माथिका तीनवटै समिति गठन भई सक्रिय रहेको ☐ १ अंक

*(पुष्ट्याईको आधार : निर्णय, कार्यविधि, समितिका बैठकका निर्णय पुस्तिकाहरु)*

**६. नगरपालिकाले गठन गर्ने समितिमा समावेशितालाई ध्यान दिने गरिएको छ ?** *(स्था.स.सं.ऐन दफा १११)*

क) समानुपातिक समावेशितालाई ध्यान नदिएको ☐ ० अंक

ख) कम्तिमा ३३% महिला तथा नगरपालिकावासी दलित, आदिवासी/जनजाति, मधेशी, मुस्लिम आदिको प्रतिनिधिमूलक सहभागिता गराउने गरिएको ☐ १ अंक

*(पुष्ट्याईको आधार : नगरपालिकाको निर्णय, समिति सम्बन्धी अभिलेख)*

**७. आर्थिक वर्ष २०७५/७६ मा नगरपालिकामा प्राप्त मध्ये कति प्रतिशत गुनासो सम्बोधन गरियो ?** *( स्था.स.सं.ऐन दफा १६ (४) क११)*

क) गुनासो गर्ने व्यवस्था नै नभएको वा ४०% भन्दा कम ☐ ० अंक

ख) ४०% देखि ८०% सम्म ☐ ०.५ अंक

ग) ८०% भन्दा बढी ☐ १ अंक

*(पुष्ट्याईको आधार : गुनासो तथा गुनासो सम्बोधन सम्बन्धी अभिलेख)*

**८. आर्थिक वर्ष २०७५/७६ मा नगरपालिकाबाट नगरवासी तथा सरोकारवालाहरु समेतको सहभागितामा नगरस्तरीय सार्वजनिक सुनुवाईको आयोजना कति पटक गरिएको थियो ?**
*(स्था.स.सं.ऐन दफा ७८ (५) तथा (सुशासन व्यवस्थापन तथा संचालन ऐन २०६४ दफा ३०)*

क) एक पटक पनि नभएको ☐ ० अंक

ख) कम्तिमा एक पटक भएको ☐ ०.५ अंक

ग) प्रत्येक चौमासिकमा भई सार्वजनिक सुनुवाईमा उठेका सवालहरुको तुरुन्तै सम्बोधन गर्ने गरेको ☐ १ अंक

*(पुष्ट्याईको आधार : निर्णय, प्रगति प्रतिवेदन, अभिलेख)*

**९. नगरपालिकाको योजनामा लैंङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धिका लागि कुनै प्रयास भएकोछ, छैन?** *(स्था.स.सं.ऐन दफा २४ (३) छ)*

क) लैंङ्गिक समानता र सामाजिक समावेशीकरणलाई योजनामा ध्यान दिने नगरेको ☐ ० अंक

ख) लैंङ्गिक समानता र सामाजिक समावेशीकरण योजना तथा कार्यक्रममा प्रतिविम्बित भएको ☐ ०.५ अंक

ग) लैंङ्गिक उत्तरदायी बजेटको परीक्षण गरी सोही अनुसार योजना तथा कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्ने गरेको ☐ १ अंक

*(पुष्ट्याईको आधार : लैंगिक उत्तरदायी बजेट परीक्षण प्रतिवेदन, योजना दस्तावेज)*

**१०. नगरपालिकाका वडाहरु वालमैत्री हुने प्रक्रियामा अगाडि बढेका छन्, छैनन् ?**
*(स्था.स.सं.ऐन दफा १२ (ग) २९)*

क) कुनै पनि वडामा वालमैत्री बनाउने प्रक्रिया सुरु भएको छैन ☐ ० अंक
ख) कम्तिमा २०% वडामा वालमैत्री बनाउने प्रक्रिया सुरु भएको ☐ ०.५ अंक
ग) कम्तिमा १०% वडा वालमैत्री घोषणा गरी कार्यान्वयनमा रहेको ☐ १ अंक

*(पुष्ट्याईको आधार : निर्णय, प्रगति प्रतिवेदन)*

**११. नगरपालिकाले एकल अधिकार क्षेत्रभित्रका विषयमा कतिवटा स्थानीय कानून तर्जुमा गरी कार्यान्वयन गरेको छ ?***(स्था.स.सं. ऐन दफा १०२)*

क) कानून नै नबनाएको ☐ ० अंक
ख) पाँचवटासम्म ऐन र पाँचवटासम्म नियम, निर्देशिका, कार्यविधि र मापदण्ड गरी कुल १० वटासम्म कानून बनाई कार्यान्वयन गरेको ☐ ०.५ अंक
ग) पाँच भन्दा बढी ऐन र पाँचभन्दा बढी नियम, निर्देशिका, कार्यविधि र मापदण्ड गरी कुल १० वटाभन्दा बढी कानून बनाई कार्यान्वयन गरेको ☐ १ अंक

*(पुष्ट्याईको आधार : स्थानीय राजपत्र, स्वीकृत कानूनको प्रति)*

**१२. नगरपालिकाले स्थानीय कानूनमा के कस्तो प्रक्रिया अपनाउने गरेको छ ?***(स्था.स.सं. ऐन दफा १०२)*

क) सभाका सदस्यहरुलाई मस्यौदा अध्ययनका लागि समय नदिई सभाबाट स्वीकृत भएको घोषणा गर्ने गरेको ☐ ० अंक
ख) कार्यविधि वमोजिम पेश भई तथा निर्धारित समयमा सभाका सदस्यहरुलाई अध्ययनका लागि मस्यौदाको प्रति उपलब्ध गराई छलफलको मौका समेत दिई सभाबाट स्वीकृत गर्ने गरेको ☐ १ अंक
ग) कार्यविधि वमोजिम पेश भई तथा निर्धारित समयमा सभाका सदस्यहरुलाई अध्ययनका लागि मस्यौदाको प्रति उपलब्ध गराई सरोकारवालाहरुसँग समेत परामर्श गरी सदस्यहरुलाई छलफलको मौका दिई दफावार छलफल गर्दै सभाबाट स्वीकृत गर्ने गरेको ☐ २ अंक

*(पुष्ट्याईको आधार : कानुन तर्जुमा सम्बन्धी विधि, समिति तथा सभाको निर्णय अभिलेख, स्थानीय राजपत्र)*

**१३. नगरपालिकाबाट सम्पादन हुने काममा मितव्ययिता, प्रभावकारिता, नियमितता, कार्यदक्षता, विश्वसनीयता र कानूनसम्मत बनाउनका लागि प्रभावकारी अनुगमन गर्ने व्यवस्था मिलाइएको छ, छैन?***(स्था.स.सं.ऐन दफा ७८)*

क) अनुगमन गर्ने व्यवस्था छैन ☐ ० अंक
ख) प्रमुख आफै वा जिम्मेवार अधिकारी तोकी अनुगमन गर्ने व्यवस्था मिलाएको ☐ ०.५ अंक
ग) सूचकका आधारमा अनुगमन गरी अनुगमनबाट देखिएका कमजोरीलाई सुधार गर्ने गरेको ☐ १ अंक

*(पुष्ट्याईको आधार : अनुगमनको व्यवस्था वारे निर्णय, अनुगमनको सूचक सहित प्रतिवेदन, सुधार सम्बन्धी अभिलेख)*

**१४. नगरपालिकाले प्रदेश तथा संघीय सरकारलाई पठाउनुपर्ने प्रतिवेदन र विवरणहरु पठाउने गरिएको छ कि छैन ?***(स्था.स.सं.ऐन दफा ७६ (५) र अ.स.वि.व्य.ऐ. दफा ३२)*

क) प्रदेश तथा संघलाई पठाउनुपर्ने प्रतिवेदन र विवरणहरु नपठाइएको ☐ ० अंक

ख) प्रदेश तथा संघलाई पठाउनुपर्ने प्रतिवेदन र विवरणहरु पठाउने गरेको तर तोकिएको समयभित्र नपठाइएको ☐ ०.५ अंक

ग) प्रदेश तथा संघलाई पठाउनुपर्ने प्रतिवेदन र विवरणहरु नियमित रुपमा तोकिएको समयमा पठाउने गरेको ☐ १ अंक

*(पुष्ट्याईको आधार : प्रतिवेदन तथा पत्राचारको चलानी विवरण)*

**१५.नगर सभा तथा कार्यपालिकाका जनप्रतिनिधि र कर्मचारीहरुका लागि आचार संहिता वनाई लागू गरेको छ, छैन ?** *(स्था.स.सं.ऐन दफा ११२)*

क) नभएको ☐ ० अंक

ख) भएको ☐ ०.५ अंक

ग) पूर्णरुपमा पालना भइरहेको ☐ १ अंक

*(पुष्ट्याईको आधार : आचार संहिता दस्तावेज, निर्णय र प्रगति प्रतिवेदन)*

## (ख) बित्तीय अनुशासन (पूर्णांक १३)

**१६.आ.ब. २०७५/७६ मा नगरपालिकाले सार्वजनिक खरीद नियमावली बनाई कार्यान्वयनमा ल्याएको छ, छैन?** *(स्था.स.सं.ऐन, दफा ७४ को उपदफा २)*

क) खरीद नियमावली नबनेको ☐ ० अंक

ख) खरीद नियमावली बनाई कार्यान्वयनमा ल्याएको ☐ १ अंक

*(पुष्ट्याईको आधार: नगरपालिकाले तयार गरेको खरीद नियमावली)*

**१७.आ.ब. २०७५/७६ मा स्वीकृत बार्षिक बजेटको अधीनमा रही कार्यपालिकाले कुनै शीर्षकबाट पुंजीगत शीर्षकमा पच्चीस प्रतिशतमा नबढाई रकमान्तर गरेको थियो, थिएन ?** *(स्था.स.सं.ऐन, दफा ७९)*

(क) सीमाभन्दा बढी रकमान्तर भएको ☐ ० अंक

(ख) सीमाभित्र रही रकमान्तर भएको ☐ ०.५ अंक

(ग) १० प्रतिशतभन्दा कम रकमान्तर भएको ☐ १ अंक

*(पुष्ट्याईको आधार: नगरपालिकाको बार्षिक कार्यक्रम तथा बजेट पुस्तिका र खर्च विवरण)*

**१८. नगरपालिका तथा वडा कार्यालयहरुले आ.ब. २०७५/७६ मा आफ्नो आय र ब्ययको विवरण प्रत्येक महिनाको सात गतेभित्र सार्वजनिक गर्ने गरेको छ/छैन?** *(स्था.स.सं.ऐन, दफा ७६ उपदफा ४)*

(क) सार्वजनिक गर्ने नगरेको ☐ ० अंक

(ख) अनियमित रुपमा सार्वजनिक गर्ने गरेको ☐ ०.५ अंक

(ग) नियमित रुपमा सार्वजनिक गर्ने गरेको ☐ १ अंक

*(पुष्ट्याईको आधार: वडा कार्यालयले सार्वजनिक गरेको प्रमाणित विवरण)*

**१९. नगरपालिकाले आ.ब. २०७५/७६ को आय तथा ब्ययको आन्तरिक लेखापरीक्षण गराई अन्तिम लेखापरीक्षण हुनुभन्दा अगावै सम्परीक्षण गरेको थियो/थिएन?** *(स्था.स.सं.ऐन,दफा ७७ को उपदफा ३)*

(क) आन्तरिक लेखापरीक्षण नभएको ☐ ० अंक

(ख) आन्तरिक लेखापरीक्षण भएको ☐ ०.५अंक

(ग) आन्तरिक लेखापरीक्षण भै सम्परिक्षण समेत भएको ☐ १ अंक

*(पुष्ट्याईको आधार: आन्तरिक लेखापरीक्षण प्रतिवेदन, मलेप प्रतिवेदन)*

**२०. आ.ब. २०७५/०७६ को अन्तिम लेखापरीक्षणले नगरपालिकाको कुल खर्चमा औल्याएको बेरुजुको मात्रा कति रहेको छ** *? (अन्तरसरकारी वित्त ब्वस्थापन ऐन, दफा २५ देखि ३२ सम्म)*

| | |
|---|---|
| (क) १० प्रतिशतभन्दा बढी | ☐ ० अंक |
| (ख) १० प्रतिशतभन्दा कम | ☐ १ अंक |
| (ग) १ प्रतिशतभन्दा कम | ☐ २ अंक |

*(पुष्ट्याईको आधार: अन्तिम लेखापरिक्षण प्रतिवेदन)*

**२१. नगरपालिकाले आफ्नो वित्तीय अधिकार क्षेत्रभित्र रहेका आन्तरिक श्रोत बृद्धिका लागि कुनै अध्ययन तथा अनुसन्धानहरु गरेको छ/छैन?** *(स्था.स.सं.ऐन, दफा ६५)*

| | |
|---|---|
| (क) कुनै अध्ययन तथा अनुसन्धान नभएको | ☐ ० अंक |
| (ख) अध्ययन भएको तर अध्ययनका सुझावहरु कार्यान्वयन नभएको | ☐ ०.५ अंक |
| (ग) अध्ययनका सुझावहरु पूर्णरुपमा कार्यान्वयनमा आएको | ☐ १ अंक |

*(पुष्ट्याईको आधार: अध्ययन प्रतिवेदन र बार्षिक योजना पुस्तक)*

**२२. आ.ब. २०७५/७६ मा आन्तरीक नियन्त्रण प्रणाली सम्वन्धी नीति तयार गरी कार्यान्वयन गरेको थियो/थिएन?** *(स्था.स.स.ऐ. दफा ७८)*

| | |
|---|---|
| (क) नीतिगत ब्यवस्था नभएको | ☐ ० अंक |
| (ख) नीतिगत ब्यवस्था भएको | ☐ ०.५ अंक |
| (ग) नीतिगत ब्यवस्था भई पूर्णरुपमा कार्यान्वयनमा आएको | ☐ १ अंक |

*(पुष्ट्याईको आधार: नगरपालिकाको आन्तरिक नियन्त्रण प्रणाली निर्देशिका)*

**२३. आ.ब. २०७५/७६ मा सार्वजनिक खरीद योजना तयार गरेको थियो/थिएन?**
*(स्था.स.स.ऐ. दफा ८४ को २ ट)*

| | |
|---|---|
| (क) सार्वजनिक खरीद योजना तयार नभएको | ☐ ० अंक |
| (ख) सार्वजनिक खरीद योजना तयार भैरहेको | ☐ १ अंक |
| (ग) सार्वजनिक खरीद योजना तयार भई सोही अनुसार कार्यान्वयनमा आएको | ☐ २ अंक |

*(पुष्ट्याईको आधार: नगरपालिकाले तयार गरेको खरीद गुरु योजना र बार्षिक खरीद योजनाको दस्तावेज)*

**२४. गत आ.ब. २०७५/७६ मा नगरपालिकाको प्रशासनिक खर्चको अवस्था कस्तो रहेको थियो ?**
*(अ.स.वि.ब्य.ऐन, दफा २१ को ४ र स्था.स.स.ऐन, २०७४ को दफा ७१)*

| | |
|---|---|
| (क) आन्तरिक स्रोत र राजश्व बाँडफाडबाट प्रशासनिक खर्च नपुगेको | ☐ ० अंक |
| (ख) आन्तरिक स्रोत र राजश्व बाँडफाडबाट प्रशासनिक खर्च पुगेको | ☐ ०.५ अंक |
| (ग) आन्तरिक स्रोतबाटमात्रै प्रशासनिक खर्च पुगेको | ☐ १ अंक |

*(पुष्ट्याईको आधार: वित्तीय विवरण)*

**२५. नगरपालिकाले सार्वजनिक खर्चको अनुमानित विवरण पेश गर्दा आगामी तीन बर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यकालिन खर्च संरचना तयार भएको छ/छैन** *(अ.स.वि.ब्य.ऐन, दफा १६, १७)*

| | |
|---|---|
| (क) मध्यकालिन खर्च संरचना तयार गरेको छैन | ☐ ० अंक |
| (ख) मध्यकालिन खर्च संरचना तयार भएको तर बजेट कार्यान्वयन नभएको | ☐ १ अंक |
| (ग) मध्यकालिन खर्च संरचना अनुसार बजेट तयार भएको | ☐ २ अंक |

*(पुष्ट्याईको आधार: मध्यकालिन खर्च संरचनाको दस्तावेज)*

## (ग) राजश्व परिचालन (पूर्णांक १०)

**२६. स्थानीय राजश्व परामर्श समितिले आफ्नो बैठक सम्वन्धी कार्यविधी तयार गरी कार्यान्वयनमा ल्याएको छ/ छैन?** *(स्था.स.स.ऐ., २०७४ को दफा ६५)*

(क) कार्यविधी तयार छैन ☐ ० अंक
(ख) कार्यविधी तयार भई आंशिक रुपमा कार्यान्वयनमा आएको छ ☐ ०.५ अंक
(ग) कार्यविधी तयार भई पूर्णरुपमा कार्यान्वयनमा आएको ☐ १ अंक

*(प्रमाणिकरणको आधार: कार्यान्वयनमा आएको कार्यविधी)*

**२७. नगरपालिकाको संगठन संरचनामा राजश्व महाशाखा/शाखा/इकाईको व्यवस्था** भई **कार्यरत कर्मचारीलाई कार्य जिम्मेवारी (Terms of Reference/Performance Contact) उपलब्ध गराइएको छ/छैन?** *(स्था. स. स. ऐन, २०७४ को दफा, १०२)*

(क) छैन ☐ ० अंक
(ख) छ ☐ १ अंक

*(प्रमाणिकरणको आधार: संगठन संरचना र कार्यरत कर्मचारीको कार्यविवरण)*

**२८. आ.ब. २०७५/०७६ को कुल बजेटमा आन्तरीक आयको हिस्साको अवस्था कस्तो छ ?**
*(अन्तरसरकारी वित्त ब्वस्थापन ऐन, दफा ८)*

(क) १० प्रतिशतसम्म ☐ ० अंक
(ख) १० देखि २० प्रतिशतसम्म ☐ १ अंक
(ग) २० प्रतिशतभन्दा बढी ☐ २ अंक

*(प्रमाणिकरणको आधार: आलेप प्रतिवेदन वा लेखाशाखाले तयार गरेकोवित्तीय विवरण)*

**२९. आ.ब. २०७४/०७५ को तुलनामा आ.ब. २०७५/०७६ मा आन्तरीक राजश्व (अ.ल्या. बाहेकको कर तथा गैरकर राजश्व मात्र) को बृद्धिको अवस्था रहेको थियो ?**
*(अन्तरसरकारी वित्त ब्वस्थापन ऐन, दफा १०)*

(क) यथावत वा कम ☐ ० अंक
(ख) ५ प्रतिशतसम्म बृद्धि भएको ☐ १ अंक
(ग) ५ प्रतिशतभन्दा बढी बृद्धि भएको ☐ २ अंक

*(प्रमाणिकरणको आधार: आलेप प्रतिवेदन वा लेखा शाखाले तयार गरेको वित्तीय विवरण)*

**३०. आ.ब. २०७५/७६ मा कुल अनुमानित आन्तरिक राजश्वमा यथार्थ राजश्व संकलनको अवस्था कस्तो रहेको थियो ?** *(अ.स.वि.ब्य.ऐन, दफा १०)*

(क) ७५ प्रतिशत भन्दा कम ☐ ० अंक
(ख) ७६ देखि १२५ प्रतिशत ☐ ०.५ अंकं
(ग) १२५ प्रतिशतभन्दा वढी ☐ १ अंक

*(पुष्ट्याईको आधार: आ.ब. २०७५/७६ को बार्षिक कार्यक्रम तथा बजेट, आलेप प्रतिवेदन वा लेखाशाखाले तयार गरेको वित्तीय विवरण)*

**३१. नगरपालिकाले कर साक्षरता तथा उत्कृष्ठ करदाता पुरस्कृत गर्ने नीति कार्यान्वयनमा ल्याएको छ/ छैन?**

(क) कर साक्षरता सहित उत्कृष्ट करदाता पुरस्कृत गर्ने नीति तय नभएको ☐ ० अंक

(ख) कर साक्षरता सहित उत्कृष्ट करदाता पुरस्कृत गर्ने नीति पारित भएको ☐ ०.५ अंक

(ग) कर साक्षरता सहित उत्कृष्ट करदाता पुरस्कृत गर्ने नीति कार्यान्वयनमा आएको ☐ १ अंक

*(पुष्ट्याईको आधार: पुरस्कृत गर्ने निर्णयको कपि)*

**३२. नगरपालिकाले चालु आ.ब. २०७६/७७ मा घाटा बजेट पूर्ति गर्ने स्रोतको स्पष्ट आधार समेत खुलाई घाटा बजेट पेश गरेको छ/छैन?** *(अ.स.वि.ब्य.ऐन, दफा २३)*

(क) घाटा बजेट पेश नगरेको ☐ ० अंक

(ख) घाटा बजेट पेश गरेको ☐ १ अंक

(ग) पेश गरेको घाटा बजेटको श्रोत पहिचान गरि परिचालनसमेत गरेको ☐ २ अंक

*(पुष्ट्याईको आधार: बजेट पुस्तिका)*

## (घ) पूर्वाधार विकासमा लगानी (पूर्णांक ७)

**३३. आ.ब. २०७५/७६ मा नगरपालिकाले संघीय तथा प्रदेश सरकारबाट पूर्वाधार विकासका क्षेत्रमा समपुरक अनुदानको रकम परिचालन गरेको थियो/थिएन ?** *(अ.स.वि.ब्य.ऐन, दफा १०)*

(क) समपुरक अनुदान प्राप्त नगरेको ☐ ० अंक

(ख) समपुरक अनुदान प्राप्त गरेको ☐ १ अंक

*(पुष्ट्याईको आधार: आलेप प्रतिवेदन वा लेखाशाखाले तयार गरेको वित्तीय विवरण)*

**३४. आ.ब. २०७५/७६ मा नगरपालिकाले सभाबाट स्वीकृत गराई उत्पादनशिल, उद्यमशिलता, रोजगारीमूलक, आन्तरिक आय बृद्धि तथा पूँजीगत कार्यका लागि आन्तरीक ऋण लगायत बैकल्पिक वित्तीय स्रोत परिचालन (Alternative Financing) गरेको थियो/थिएन?** *(स्था.स.स.ऐन, दफा ६८)*

(क) आन्तरीक ऋण लगायत बैकल्पिक स्रोत परिचालन नभएको ☐ ० अंक

(ख) आन्तरीक ऋण लगायत बैकल्पिक स्रोत परिचालन भएको ☐ १ अंक

*(पुष्ट्याईको आधार: आलेप प्रतिवेदन वा लेखाशाखाले तयार गरेको वित्तीय विवरण)*

**३५. आ.ब. २०७५/७६ मा नगरपालिकाले बृहत पूर्वाधार निर्माण तथा अन्य कुनै क्षेत्रमा आफ्नो कार्य सञ्चालन गर्दा लागत न्यूनीकरण, स्रोत साधनको अधिकत्तम उपयोग वा प्रभावकारी सेवा प्रवाहको लागि नीजि क्षेत्र तथा अन्य कुनै निकायसँग साझेदारी, सम्झौता वा संयुक्त ब्यवस्थापन कार्य गरेको अवस्था कस्तो रहेको थियो?** *(स्था.स.स.ऐन, दफा २६)*

(क) नीतिगत, कानुन र कार्यविधी तयार छैन ☐ ० अंक

(ख) नीतिगत ब्यवस्था भएको तर कार्यान्वयन नभएको ☐ ०.५ अंक

(ग) नीतिगत ब्यवस्था भई संयुक्त ब्यवस्थापन कार्य भएको छ ☐ १ अंक

*(पुष्ट्याईको आधार: आलेप प्रतिवेदन वा लेखा शाखाले तयार गरेको वित्तीय विवरण, PPP Policy, Contract paper, Action plan)*

**३६. आ.ब. २०७५/७६ मा नगरसभाले विनियोजन गरेको कुल पुंजीगत बजेट मध्ये खर्चको अवस्था कस्तो रहेको थियो?** *(स्था.स.स.ऐन, दफा ७१)*

(क) पुँजीगत बजेटको ६० प्रतिशत भन्दा कम खर्च भएको ☐ ० अंक

(ख) पुँजीगत बजेटको ६० देखि ८० प्रतिशतसम्म खर्च भएको ☐ १ अंक

(ग) पुँजीगत बजेटको ८० प्रतिशतभन्दा बढी खर्च भएको ☐ २ अंक

*(पुष्ट्याईको आधार: आलेप प्रतिवेदन वा लेखा शाखाले तयार गरेको खर्च विवरण)*

**३७.आ.ब. २०७५/७६ मा नगरपालिकाले भौतिक पूर्वाधार विकासमा सहयोग पुऱ्याउने गरी सार्वजनिक नीजि साँझेदारी नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याएको अवस्था कस्तो छ ?**
*(स्था.स.सं.ऐन, दफा २४.८)*

(क) नीति तर्जुमा नभएको ☐ ० अंक
(ख) नीति तर्जुमा भई आंशिक रुपमा कार्यान्वयनमा आएको ☐ ०.५ अंक
(ग) नीति तर्जुमा भई सबै क्षेत्रमा कार्यान्वयन भएको ☐ १ अंक

*(पुष्ट्याईको आधार: वित्तीय विवरण)*

**३८. आ.ब. २०७५/७६ मा नगरपालिकाले स्थानीय उत्पादनको प्रवर्धन र बजारीकरणका क्षेत्रमा नीतिगत व्यवस्था गरी कार्यक्रमहरु सञ्चालन गरेको थियो/थिएन ?**
*(स्था.स.स.ऐन, दफा ११ उपदफा २ को ण ७)*

(क) नीतिगत ब्यवस्था नभएको ☐ ० अंक
(ख) नीतिगत ब्यवस्था भई कार्यक्रमहरु सञ्चालन भएको ☐ १ अंक

*(पुष्ट्याईको आधार: आयोजना पुस्तिका)*

## (ङ) शहरी योजना (Urban Planning) (पूर्णांक १४)

**३९. अवधिको हिसावले नगरपालिकाको योजना तर्जुमा पद्धति कस्तो छ ?** *(स्था.स.स.ऐ. दफा २४.१)*

(क) सात चरणको (अल्पकालिन) वार्षिक नीति, कार्यक्रम र बजेटमा आधारित योजना तर्जुमा पद्धति ☐ ०.५ अंक
(ख) दिर्घकालीन सोच सहित न्युनतम ५ वर्षको आवधिक योजनाको आधारमा वार्षिक नीति, कार्यक्रम र बजेट तर्जुमा पद्धति ☐ १ अंक

*(पुष्ट्याइको आधार: दिर्घकालीन सोच सहित आवधिक योजना, वार्षिक योजना सम्बन्धी आधिकारिक कागजात)*

**४०. नगरपालिकाले दिर्घकालिन सोच सहितको आवधिक लक्ष्य र बिषयक्षेत्रगत योजना सहितको एकिकृत शहरी बिकास योजना वा आवधिक योजना वा रणनीतिक योजना बनेको छ, छैन ?**
*(स्था.स.स.ऐ. दफा २४.२)*

(क) एकिकृत शहरी बिकास योजना वा आवधिक योजना वा रणनीतिक योजना निर्माणको चरणमा छ ☐ ०.५ अंक
(ख) एकिकृत शहरी बिकास योजना, आवधिक योजना, रणनीतिक योजनाको आधारमा मात्र वार्षिक योजना तर्जुमा गरी कार्यान्वयन गर्ने गरिएको छ ☐ १ अंक

*(पुष्ट्याइको आधार: आवधिक, योजना र वार्षिक नीति, कार्यक्रम र बजेट सम्बन्धी आधिकारिक कागजात)*

**४१. नगरपालिकासंग शहरी योजना तर्जुमाका देहायका आधारभूत औजारहरु मध्ये के के उपलब्धता छ ?** *(स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ (२) (ड), ११ (५) (क)*

(क) नगर पार्श्वचित्र, भूउपयोग योजना र डिजिटल वेस म्याप नभएको ☐ ० अंक
(ख) नगर पार्श्वचित्र मात्र भएको ☐ १ अंक
(ग) नगर पार्श्वचित्र सहित भूउपयोग योजना र डिजिटल वेस म्याप भएको ☐ २ अंक

*(पुष्ट्याइको आधार: नगर पार्श्वचित्र, भूउपयोग योजना, डिजिटल वेस म्याप जस्ता आधिकारिक दस्तावेज)*

**४२. शहरी योजना तथा निर्माण सम्बन्धी आधारभूत मापदण्ड तर्जुमा गरि कार्यान्वयनमा ल्याएको छ, छैन ?**

(क) भूउपयोग क्षेत्र सहित आवास तथा पूर्वाधार निर्माण मापदण्ड तर्जुमाको क्रममा रहेको ☐ ०.५ अंक

(ख) भूउपयोग क्षेत्र अनुसार आवास तथा पूर्वाधार संरचना निर्माण पद्धति कार्यान्वयन भएको ☐ १ अंक

*(पुष्ट्याइको आधारः शहरी योजना तथा निर्माण सम्बन्धी आधारभूत मापदण्ड सम्बन्धी दस्तावेज, कार्यान्वयन सम्बन्धी निर्णय आदि)*

**४३. नगरपालिकाले व्यवस्थित शहरीकरणको लागि एकिकृत वस्ती बिकास सम्बन्धी कुनै परियोजना वा कार्यक्रम सञ्चालन गरेको छ छैन ?**

(क) परियोजना वा कार्यक्रम बिकासको चरणमा रहेको ☐ ०.५ अंक

(ख) एकिकृत वस्तिको आयोजना कार्यान्वयनमा वा सम्पन्न भएको ☐ १ अंक

*(पुष्ट्याइको आधारः एकिकृत वस्ती बिकास आयोजना, कार्यक्रम सम्बन्धी दस्तावेज, एकिककृत वस्ती बिकास सम्बन्धी बिस्तृत परियोजना प्रतिवेदन, कार्यान्वयन कार्ययोजना, प्रगति प्रतिवेदन आदि)*

**४४. संघ, प्रदेशको लक्ष्य र नगरपालिकाको आवधिक बिकास लक्ष्य वीचको अन्तर सम्बन्धको अवस्थाः**

(क) संघ, प्रदेशको लक्ष्य वीच नीतिगत तहको अन्तरसम्बन्ध नरहेको ☐ ० अंक

(ख) संघ, प्रदेशको लक्ष्य वीच नीतिगत तहको अन्तरसम्बन्ध रहेको ☐ ०.५ अंक

(ग) नीति, कार्यक्रम, सूचक र श्रोत बिनियोजन तहमा अन्तरसम्बन्ध रहेको ☐ १ अंक

*(पुष्ट्याइको आधारः आवधिक, योजना र वार्षिक नीति, कार्यक्रम र बजेट सम्बन्धी आधिकारिक कागजात)*

**४५. आवधिक र वार्षिक नगर बिकास योजनाको लक्ष्य र दिगो बिकास लक्ष्यसंगको अन्तरसम्बन्धको अवस्था :** *(स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७५, दफा २.१.६)*

(क) नगर बिकास योजनाको लक्ष्य र दिगो बिकास लक्ष्य वीच नीतिगत अन्तरसम्बन्ध नरहेको ☐ ० अंक

(ख) नगर बिकास योजनाको लक्ष्य र दिगो बिकास लक्ष्य वीच नीतिगत अन्तरसम्बन्ध रहेको ☐ ०.५ अंक

(ग) नगर बिकास योजनाको लक्ष्य र दिगो बिकास लक्ष्य वीच नीति, कार्यक्रम, सूचक श्रोत बिनियोजन तहमा अन्तरसम्बन्ध रहेको ☐ १ अंक

*(पुष्ट्याइको आधारः आवधिक योजना र बिषयक्षेत्रगत नीति, कार्यक्रम सूचक र बजेट सम्बन्धी आधिकारिक कागजात)*

**४६. नगरपालिकामा बिषयतगत समितिहरुको क्रियाशिलताको अवस्था कस्तो छ ?**
*(स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७५, दफा ३.१.३)*

(क) बिषयगत समितिहरु गठन नभएको ☐ ० अंक

(ख) बिषयगत समितिहरु गठन गरिएको छ ☐ ०.५ अंक

(ग) कार्यविधि बनाई बिषयक्षेत्रगत नीति, कार्यक्रम र बजेट तर्जुमा हुने गरेको ☐ १ अंक

*(पुष्ट्याइको आधारः समिति गठन सम्बन्धी निर्णय पुस्तिका, कार्यविधि वा नीति, कार्यक्रम र बजेट सम्बन्धी निर्णय)*

**४७. आवधिक तथा वार्षिक नगर बिकास योजना तर्जुमा गर्दा आधार सूचक र लक्ष्य सूचक प्रचलनमा छ छैन ?**

(क) सूचक प्रचलनमा छैन । ☐ ० अंक

(ख) बिषयक्षेत्रगत रुपमा आधार सुचक र लक्ष्य सूचक सहित योजना तर्जुमा गर्ने गरिएको छ ☐ १ अंक

*(पुष्ट्याइको आधार:आवधिक, बिषयक्षेत्रगत र वार्षिक योजना दस्तावेज)*

**४८. नगरपालिकाको वार्षिक नीति, कार्यक्रम र बजेट तर्जुमा प्रक्रिया ?**

(क) समुदाय भेला, वडा भेला, बिषयगत समिति र नगरकार्यपालिका मार्फत नगरसभा ☐ ०.५ अंक

(ख) समुदाय भेला, वडा भेला, बिषयगत समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, नगरकार्यपालिका मार्फत नगरसभा ☐ १ अंक

*(पुष्ट्याइको आधार: बिषयगत समितिको निर्णय पुस्तिका, बिषयगत क्षेत्रगत र वार्षिक योजना दस्तावेज)*

**४९. नगरपालिकाको परियोजना, कार्यक्रम र बजेट बिनियोजन पद्धति ?**
*(स्था.स.सं.ऐन २०७४ को दफा ६७ (२))*

(क) बिषयक्षेत्र तथा उपक्षेत्रगत रुपमा एकमुष्ट बिनियोजन ☐ ० अंक

(ख) बिषयक्षेत्र तथा उपक्षेत्रगत रुपमा कार्यक्रमको आधारमा बिनियोजन ☐ ०.५ अंक

(ग) बिषयक्षेत्र तथा उपक्षेत्रगत प्राथमिकता र कार्यक्रमको आधारमा बिनियोजन ☐ १ अंक

*(पुष्ट्याइको आधार: बिषयगत समिति तथा बजेट समितिको निर्णय पुस्तिका, वार्षिक योजना दस्तावेज)*

**५०. नगर बिकास योजनामा बाल, जेष्ठ नागरिक, अपाङ्ग, लैङ्गिकमैत्री तथा समावेसीता जस्ता अन्तर सम्बन्धित बिषयहरुको अन्तर आवद्धताको स्तर ?**

(क) वाल, जेष्ठ नागरिक, अपांगता, लैंगिकमैत्री पूर्वाधार निर्माण नीति नभएको ☐ ० अंक

(ख) वाल, जेष्ठ नागरिक, अपांगता, लैंगिकमैत्री पूर्वाधार निर्माणको नीति भएको तर कार्यान्वयन नभएको ☐ ०.५ अंक

(ग) वाल, जेष्ठ नागरिक, अपांगता, लैंगिकमैत्री पूर्वाधार निर्माणको स्पष्ट नीति भई नवनिर्मित पूर्वाधारमा प्रभावकारी रुपमा कार्यान्वयन भइरहेको ☐ १ अंक

*(पुष्ट्याइको आधार: बिषयगत समिति तथा बजेट समितिको निर्णय पुस्तिका, वार्षिक योजना दस्तावेज)*

**५१.अन्तर स्थानीय तह सहकार्य (IMC) अवधारणा, नीति वा सहकार्य सम्बन्धी कुनै अभ्यास सुरु भएको छ ?** *(स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २६)*

(क) सहकार्य नीति तर्जुमा र कार्यान्वयन प्रक्रिया शुरु भएको अवस्था ☐ अंक ०.५

(ख) संयुक्त परियोजना कार्यान्वयनमा आइसकेको अवस्था ☐ अंक १

*(पुष्ट्याइको आधार: अन्तर नगरपालिका सहकार्य सम्बन्धी अवधारणापत्र, साझा संयन्त्र निर्माण सम्बन्धी दस्तावेज, साझा परियोजना सम्बन्धी कागजात, आदि)*

## च) शहरी सेवा प्रवाह (पूर्णांक १५)

**५२. नगरवासीलाई नगरपालिकाबाट प्रदान गर्ने सेवा कसरी प्रवाह गरिन्छ ?**
*(स्था.स.सं.ऐन दफा ११ (२) ङ १, ७)*

(क) सेवाको मापदण्ड वा कार्यविधि विना परम्परागत पद्धतिमा सीमित रहेको ☐ ० अंक
(ख) सेवाको मापदण्ड तथा कार्यविधि तयार गरी सो अनुसार सेवा प्रवाह गर्ने गरेको ☐ ०.५ अंक

*(पुष्ट्याईको आधार : स्थानीय सेवाको मापदण्ड तथा कार्यविधि, प्रगति प्रतिवेदन)*

**५३. नगरपालिकामा शिक्षामा सवै वालवालिकाको पहुँचको अवस्था कस्तो छ ?**
*(स्था.स.सं.ऐन दफा ११ (२) ज)*

(क) विद्यार्थी भर्ना दर ८०% भन्दा कम रहेको र अघिल्लो वर्षको तुलनामा विद्यालय छोड्ने दर नघटेको ☐ ० अंक
(ख) विद्यार्थी भर्ना दर ८०%-९०% भई अघिल्लो वर्षको तुलनामा विद्यालय छोड्ने दर ५०% सम्म घटेको ☐ ०.५ अंक
(ग) विद्यार्थी भर्ना दर ९०% भन्दा बढी र अघिल्लो वर्षको तुलनामा विद्यालय छोड्ने दर ५०% भन्दा बढीले घटेको ☐ १ अंक

*(पुष्ट्याईको आधार : नगरपालिकाको प्रोफाइल, शिक्षा शाखाको अभिलेख, प्रतिवेदन)*

**५४. नगरपालिकामा विद्यार्थी सिकाई उपलब्धिको अवस्था कस्तो छ ?**
*(स्था.स.सं.ऐन दफा ११ (२) ज १० र १५)*

(क) विद्यार्थी सिकाई उपलब्धी लेखाजोखा गर्ने नगरेको ☐ ० अंक
(ख) सवै विद्यालयको विद्यार्थी सिकाई सरदर उपलब्धी अघिल्लो वर्षको तुलनामा ५% सम्म सुधार भएको ☐ ०.५ अंक
(ग) सवै विद्यालयको विद्यार्थी सिकाई सरदर उपलब्धी अघिल्लो वर्षको तुलनामा ५% भन्दा बढीले सुधार भएको ☐ १ अंक

*(पुष्ट्याईको आधार : शिक्षा शाखाको अभिलेख, विद्यार्थी सिकाई उपलब्धि प्रतिवेदन)*

**५५. नगरपालिकाका नागरिकलाई आधारभूत स्वास्थ्य सेवा कसरी प्रदान भइरहेको छ ?**
*(स्था.स.सं.ऐन दफा ११ (२) झ)*

(क) स्वास्थ्य संस्थामा सेवा लिन आउने सेवाग्राहीलाई कार्यालय समयमा आधारभूत सेवा मात्र दिने गरेको ☐ ० अंक
(ख) नगरपालिकाको कम्तिमा एउटा स्वास्थ्य संस्थाबाट वर्षमा ३६५ दिन र २४सै घण्टा स्वास्थ्य सेवा दिने व्यवस्था गरेको ☐ ०.५ अंक
(ग) कम्तिमा तीन वडा वरावर एउटा स्वास्थ्य संस्थाको अनुपात हुनेगरी वर्षमा ३६५ दिन र २४सै घण्टा स्वास्थ्य सेवा दिने व्यवस्था नगरपालिकाको पहलमा गरेको ☐ १ अंक

*(पुष्ट्याईको आधार : निर्णय, स्वास्थ्य शाखाको अभिलेख, प्रतिवेदन)*

**५६. नगरपालिकामा खोप सेवा प्राप्त गर्ने वालवालिकाको प्रतिशत कति छ ?**
*(स्था.स.सं.ऐन दफा ११ (२)फ)*

(क) अनिवार्य गरिएका खोप ८०% भन्दा कम वालवालिकाले मात्र प्राप्त गरेको ☐ ० अंक
(ख) अनिवार्य गरिएका खोप ८०%-९५% सम्म वालवालिकाले प्राप्त गरेको ☐ ०.५ अंक
(ग) अनिवार्य गरिएका खोप ९५% भन्दा बढी वालवालिकाले प्राप्त गर्ने गरेको ☐ १ अंक

*(पुष्ट्याईको आधार : स्वास्थ्य शाखाको अभिलेख, प्रतिवेदन)*

**५७. नगरपालिकाले सडक बत्तीका लागि गरेको पहलको अवस्था कस्तो छ ?**
*(स्था.स.सं.ऐन दफा ११ (२) ट ५)*

(क) नगरपालिकाबाट कुनै पहल नभएको ☐ ० अंक
(ख) बजार क्षेत्र र मुख्य सडकमा मात्र नगरपालिकाको पहलमा सडक वत्ती रहेको ☐ ०.५ अंक
(ग) बजार क्षेत्र, मुख्य सडक तथा वस्तीका सडकमा नगरपालिकाको पहलमा सडक बत्ती रहेको ☐ १ अंक

*(पुष्ट्याईको आधार : नगरपालिकाको प्रोफाइल, अभिलेख)*

**५८. नगरपालिकाको शहरी क्षेत्रमा स्वस्थ मासु आपूर्तिका लागि पशुपंक्षी बध सम्बन्धी प्रवन्ध छ, छैन?**
*(स्था.स.सं.ऐन दफा ११ (२) ण)*

(क) पुशपंक्षी वध सम्बन्धी कुनै प्रबन्ध नभएको ☐ ० अंक
(ख) व्यवस्थित पुशपंक्षी वध सम्बन्धी प्रबन्ध भएको ☐ ०.५ अंक
(ग) व्यवस्थित बधशाला निर्माण भई नियमित सञ्चालनमा भएको ☐ १ अंक

*(पुष्ट्याईको आधार : पशुपंक्षी वध तथा बधशाला सम्बन्धी अभिलेख)*

**५९. नगरपालिकाबाट उपलब्ध पूर्वाधार उपयोग सेवाको दिगो सञ्चालन र व्यवस्थापन कसरी गर्ने गरिएको छ ?** *(स्था.स.सं.ऐन दफा २४ (३))*

(क) निर्मित पूर्वाधारको सञ्चालन तथा मर्मत संभारका लागि कुनै नीतिगत र कार्यक्रमगत व्यवस्था नभएको ☐ ० अंक
(ख) निर्मित पूर्वाधारको सञ्चालन तथा मर्मत संभारका लागि नीति तथा कार्यक्रम भएको तर त्यसको व्यवस्थापनका लागि कुनै संरचनागत व्यवस्था नभएको ☐ ०.५ अंक
(ग) निर्मित पूर्वाधारको सञ्चालन तथा मर्मत संभारका लागि लाभग्राहीको योगदान सहित मर्मतसंभार कोषको स्थापना, नीतिगत व्यवस्था र स्वीकृत वार्षिक कार्यक्रमका आधारमा कोषको उपयोग भएको ☐ १ अंक

*(पुष्ट्याईको आधार : नीति, कार्यक्रम, कोष, प्रगति प्रतिवेदन)*

**६०. नगरपालिकामा उपभोक्ता सचेतना अभिवृद्धिका लागि कार्यक्रम गर्ने गरिन्छ कि गरिदैन ?**
*(स्था.स.सं.ऐन दफा ११ (२) त्र११)*

(क) सुसूचित गर्ने गरेको छैन ☐ ० अंक
(ख) कम्तिमा नगरपालिका स्तरमा सुसूचित गर्ने गरेको छ ☐ ०.५ अंक
(ग) सवै वडास्तरमा सुसूचित गर्ने गरेको छ ☐ १ अंक

*(पुष्ट्याईको आधार : कार्यक्रम, प्रगति प्रतिवेदन)*

**६१. नगरपालिकामा स्थानीय बजारको मूल्य तथा गुणस्तरको अनुगमन गर्ने गरिन्छ कि गरिदैन ?** *(स्था.स.सं.ऐन दफा ११ (२) ञ ५)*

(क) बजार अनुगमन संयन्त्र बनाइएको छैन र अनुगमन गर्ने गरिएको पनि छैन ☐ ० अंक

(ख) बजार अनुगमन संयन्त्र बनाइएको छ तर अनुगमन गर्ने गरिएको छैन वा संयन्त्र छैन तर अनुगमन गर्ने गरिएको छ ☐ ०.५ अंक

(ग) बजार अनुगमन संयन्त्र बनाइएको छ र नियमित अनुगमन गर्ने पनि गरिएको छ ☐ १ अंक

*(पुष्ट्याईको आधार : निर्णय, अनुगमन प्रतिवेदन, कार्यवाहीको अभिलेख)*

**६२. नगरपालिकाको वेभसाईटको अवस्था कस्तो छ ?** *(स्था.स.सं.ऐन दफा ११ (२) ङ ५)*

(क) वेभसाइट सञ्चालनमा नभएको ☐ ० अंक

(ख) वेभसाइटमा नगरपालिकाको स्वीकृत वार्षिक नीति तथा कार्यक्रम, ऐन, कानून, नगर सेवासम्बन्धी जानकारीहरु सहित सञ्चालनमा रहेको ☐ ०.५ अंक

(ग) वेभसाइटमा नगरपालिकाको स्वीकृत वार्षिक नीति तथा कार्यक्रम, ऐन, कानून, आम्दानी खर्चको विवरण र नगर सेवा सम्बन्धी जानकारी एवं सूचना कम्तिमा त्रैमासिक रुपमा अद्यावधिक गर्ने गरेको ☐ १ अंक

*(पुष्ट्याईको आधार : नगरपालिका वेभसाईट)*

**६३. नगरपालिकामा सेवा प्रवाहमा नवीनतम तथा प्रविधिको प्रयोग कसरी भएको छ ?** *(स्था.स.सं.ऐन दफा ११ (२) ङ ५, ७)*

(क) प्रविधिको प्रयोग विना सेवा प्रवाह परम्परागत रुपमा कार्यालयमा मात्र सिमित रहेको ☐ ० अंक

(ख) सेवा प्रवाहलाई पहुँचयोग्य तथा छिटो छरितो बनाउन केही सेवामा नवीनतम प्रविधिको प्रयोग र कम्तिमा वर्षको १ पटक एकीकृत घुम्ति सेवा सञ्चालन गर्ने गरेको ☐ ०.५ अंक

(ग) सेवा प्रवाहलाई सहज र छरितो बनाउन विद्युतीय शासनबाट सेवाको सुरुवातका साथै आवश्यकता अनुसार वडास्तरमा र घरदैलोमा पनि सेवाहरु प्रदान गर्ने गरेको ☐ १ अंक

*(पुष्ट्याईको आधार : निर्णय, प्रगति प्रतिवेदन, अभिलेख)*

**६४. नगरपालिकाबाट गरिने भुक्तानीमा बैंकिंग प्रणालीको कसरी उपयोग भएको छ ?** *(स्था.स.सं.ऐन दफा ११ (२) ङ ७)*

(क) कार्यालयबाट गरिने भुक्तानीहरु बैंकिंग प्रणाली र नगदमा दुवैमा भुक्तानी हुने गरेको ☐ ० अंक

(ख) कार्यालयबाट गरिने भुक्तानीहरु सवै बैंकिंग प्रणालीद्वारा गर्ने गरेको ☐ ०.५ अंक

(ग) कार्यालयबाट गरिने सवै भुक्तानीहरु बैंकिंग प्रणालीद्वारा भई e-payment समेत लागु गरेको ☐ १ अंक

*(पुष्ट्याईको आधार : निर्णय, अभिलेख)*

**६५. आर्थिक वर्ष २०७५/७६ मा न्यायिक समितिमा परेको आफ्नो अधिकार क्षेत्रभित्रको कति प्रतिशत उजुरी फछ्र्यौट भयो ?** *(स्था.स.सं. ऐन दफा ४९ (२) र (४))*

(क) उजुरीको ५०% भन्दा कम ☐ ० अंक

(ख) उजुरीको ५०% देखि ७०% सम्म ☐ ०.५ अंक

(ग) उजुरीको ७०% भन्दा बढी ☐ १ अंक

*(पुष्ट्याईको आधार : न्यायिक समितिको अभिलेख, प्रगति प्रतिवेदन)*

**६६. नगरपालिकाले सार्वजनिक सेवालाई पारदर्शी, उत्तरदायी तथा जवाफदेही बनाउन प्रवाह भएको सेवाको सामाजिक परीक्षण गर्ने गरेको छ, छैन ?** *(स्था.स.सं.ऐन दफा ७८ (५))*

(क) सामाजिक परीक्षण गर्ने नगरेको ☐ ० अंक

(ख) सामाजिक परीक्षण सम्बन्धी विधि तयार गरेको ☐ ०.५ अंक

(ग) सामाजिक परीक्षण गरी प्राप्त पृष्ठपोषण अनुसार सेवामा सुधारको सुरुवात भएको ☐ १ अंक

*(पुष्ट्याईको आधार : नागरिक सन्तुष्टी मापन विधि, निर्णय तथा सर्भेक्षण प्रतिवेदन)*

**६७. नगरपालिकाको सेवाप्रति नागरिक सन्तुष्टि मापनको अवस्था कस्तो रहेको छ ?**
*(स्था.स.सं.ऐन दफा ११, १२)*

(क) सन्तुष्टी मापन सम्बन्धी कुनै कार्य नभएको ☐ ० अंक

(ख) सन्तुष्टी मापनका लागि विधि तर्जुमा भएको ☐ ०.५ अंक

*(पुष्ट्याईको आधार : नागरिक सन्तुष्टी मापन विधि, निर्णय, प्रतिवेदन)*

## छ) शहरी वातावरण (Urban Environment) (पूर्णांक १२)

**६८. नगरपालिकसंग जैविक विविधता, जलाधारक्षेत्र, फोहरमैला तथा ढल व्यवस्थापन जस्ता क्षेत्रको आधारभूत तथ्यांकीय सूचना अद्यावधिक गर्ने गरेको छ, छैन ?**

(क) तथ्यांक अद्यावधि गर्ने गरिएको छैन ☐ ० अंक

(ख) तथ्यांक अद्यावधि गर्नेको थालनी भएको छ ☐ ०.५ अंक

(ग) अद्यावधिक तथ्यांकको आधारमा योजना तथा कार्यक्रम तर्जुमा गर्ने गरिएको छ ☐ १ अंक

*(पुष्ट्याइको आधारः जैविक विविधता, जलाधारक्षेत्र, फोहरमैला, ढल व्यवस्थापन जस्ता क्षेत्रको आधारभूत तथ्यांक सम्बन्धी आधिकारिक दस्तावेज, अध्ययन दस्तावेज, न.पा.को नीति, योजना तथा कार्यक्रम सम्बन्धी कागजात)*

**६९. नगरपालिकाले शहरी वातावरण संरक्षण ( जैविक विविधता, जलाधार क्षेत्र, फोहरमैला, ढल निकास, हरियालीकरण, नविकरणीय उर्जा ) सम्बन्धी एकिकृत वा बिषयगत योजना तर्जुमा गरेको छ, छैन ?**

(क) शहरी वातावरण संरक्षण सम्बन्धी एकिकृत वा बिषयगत योजना छैन ☐ ० अंक

(ख) एकिकृत वा बिषयगत योजना तर्जुमाको क्रममा छ ☐ ०.५ अंक

(ग) एकिकृत योजना तथा कार्यक्रम तर्जुमा भई कार्यान्वयनमा छ ☐ १ अंक

*(पुष्ट्याइको आधारः सरसफाई, फोहरमैला, ढल निकास, फोहरपानी, हरियालीकरण तथा दिसाजन्य लेदो व्यवस्थापन सम्बन्धी एकिकृत वा बिषयगत योजना सम्बन्धी दस्तावेज, अध्ययन दस्तावेज, न.पा.को नीति, योजना तथा कार्यक्रम सम्बन्धी कागजात)*

**७०. नगरपालिकसंग नगरवासीहरुको खानेपानी पहुँच सम्बन्धी वर्तमान अवस्था :**

(क) ८० प्रतिशत भन्दा कम घरधुरीको पहुँचको अवस्था ☐ ० अंक

(ख) ८० देखि ९० प्रतिशत घरधुरीको पहुँचको अवस्था ☐ ०.५ अंक

(ग) ९० प्रतिशत भन्दा वढी घरधुरीको पहुँचको अवस्था ☐ १ अंक

*(पुष्ट्याइको आधार: खानेपानी पहुँच सम्बन्धी तथ्यांक, अध्ययन दस्तावेज, नगरपालिकाको पार्श्वचित्र)*

**७१. नगरपालिकाले श्रोत वर्गिकरण, वर्गिकृत फोहर संकलन, फोहरजन्य वस्तुको उपचार, उपयोग र वातावरणमैत्री अन्तिम विसर्जन सहितको एकिकृत र दिगो फोहरमैला व्यवस्थापन योजना** ISWMP **तर्जुमा गरि लागु गरेको छ, छैन ?**

(क) एकिकृत फोहरमैला व्यवस्थापन योजना छैन ☐ ० अंक

(ख) एकिकृत फोहरमैला व्यवस्थापन योजना तर्जुमाको क्रममा छ ☐ ०.५ अंक

(ग) एकिकृत फोहरमैला व्यवस्थापन योजना अनुसार नीति, कार्यक्रम कार्यान्वयनमा छ ☐ १ अंक

*(पुष्ट्याइको आधार: एकिकृत फोहरमैला व्यवस्थापन योजना सम्बन्धी दस्तावेज, न.पा.को वार्षिक नीति, कार्यक्रम र श्रोत विनियोजन सम्बन्धी आधिकारीक दस्तावेज आदी)*

**७२. नगरपालिकाको फोहोरमैला निष्काशन, संकलन, ढुवानी, र अन्तिम व्यवस्थापन पद्धति कस्तो छ ?**

(क) एकमुष्ट रुपमा संकलन गरी नदी किनारा, जंगल वा खुल्ला ठाउँमा बिसर्जन ☐ ० अंक

(ख) 3R अवधारणा अनुसार स्रोतमै वर्गिकरण गरी उपयोगी वस्तुको अधिकतम उपयोग ☐ ०.५अंक

(ग) उपयोग विहिन फोहरमात्र व्यवस्थित अन्तिम विसर्जन केन्द्रमा बिसर्जन ☐ १ अंक

*(पुष्ट्याइको आधार: फोहरमैला व्यवस्थापन सम्बन्धी पद्धति सम्बन्धी दस्तावेज आदी)*

**७३. नगरपालिकाको फोहोरमैला व्यवस्थापनमा निजी क्षेत्रको सहभागिताको अवस्था कस्तो छ ?**

(क) निजी क्षेत्र वा अन्य कुनै पनि सरोकारवालाहरुको सून्य सहभागिता ☐ ०.५अंक

(ख) सार्वजनिक, नीजि, सामुदायिक वा अन्य सरोकारवाला वा सेवा प्रदायकहरु मार्फत ☐ १ अंक

*(पुष्ट्याइको आधार: सा.नि.सा.नीति, सा.नि.सा.समिति, निर्णय पुस्तिका, सम्झौता आदी)*

**७४. नगरपालिकाले उपयोगी फोहर उपयोगको लागि** Material Recovery Facility (MRF) **को व्यवस्था गरेको छ, छैन ?**

(क) MRF सम्बन्धी कुनै प्रणाली वा सुविधा बिकास गरिएको छैन ☐ ० अंक

(ख) MRF सुविधा सहित फोहर वर्गिकरण केन्द्र निर्माणको चरणमा रहेको ☐ ०.५अंक

(ग) MRF प्रणालीबाट नगरपालिकाले लाभ लिन सुरु गरिसकेको अवस्था ☐ १ अंक

*(पुष्ट्याइको आधार: MRF प्रणाली सम्बन्धी प्राविधिक प्रतिवेदन, भौतिक अवस्थिति, संचालन बिधि सम्बन्धी दस्तावेज आदी)*

**७५. नगरपालिकाले सार्वजनिक क्षेत्रहरुको संरक्षण र उपयोगका नीति, कार्यक्रम तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ छैन ?**

(क) सार्वजनिक क्षेत्रहरुको उपयोग सम्बन्धी कुनै नीति, कार्यक्रम नभएको ☐ ० अंक

(ख) सार्वजनिक क्षेत्रको उपयोग सम्बन्धी नीति, कार्यक्रम तर्जुमाको क्रममा रहेको ☐ ०.५ अंक

(ग) नीति, कार्यक्रमको आधारमा आयोजनाहरु कार्यान्वयनमा आएको ☐ १ अंक

*(पुष्ट्याइँको आधार: सार्वजनिक क्षेत्र संरक्षण र उपयोग सम्बन्धी नगरपालिकाको नीति, निर्देशिका, कार्यविधि, कार्यक्रम, आयोजना परियोजना सम्बन्धी दस्तावेज आदी)*

**७६. नगरपालिकाले वालवालिका, जेष्ठ नागरिक लगायतका लक्षित वर्गका लागि मनोरन्जन पार्क, खेलकुदस्थल, बिश्रामस्थल वा अन्य कुनै सुविधाहरु बिकास गरी सेवा उपलब्ध गराएको छ, छैन ?**

(क) लक्षित क्षेत्रका लागि उपरोक्त सेवा सुविधा पनि उपलब्ध नभएको ☐ ० अंक

(ख) लक्षित क्षेत्रका लागि उपरोक्त सुविधा सम्बन्धी परियोजना बिकासको क्रममा रहेको ☐ ०.५ अंक

(ग) लक्षित क्षेत्रका लागि उपरोक्त सेवा सुविधाहरु उपलब्ध रहेको ☐ १ अंक

*(पुष्ट्याइको आधार: नीति कार्यक्रम बजेट, भौतिक अवस्था सम्बन्धी तस्वीर आदि)*

**७७. नगरपालिकाले नगर क्षेत्रका मुल सडक तथा सार्वजनिक क्षेत्रमा वृक्षारोपण गरी हरियाली प्रबर्द्धन गरेको छ छैन ?**

(क) वृक्षारोपण वा हरियालीकरण सम्बन्धी कुनै कार्यक्रमहरु नभएको ☐ ० अंक

(ख) वृक्षारोपण वा हरियालीकरणका लागि बृक्षरोपण गरिएको ☐ ०.५अंक

(ग) संरक्षण नीति सहित समुदायको सहभागितामा बृक्षारोपण र हरियाली संरक्षण भएको ☐ १ अंक

*(पुष्ट्याइको आधार: हरियाली प्रर्वद्धन नीति, कार्यक्रम, समिक्षा सम्बन्धी दस्तावेज, भौतिक अवस्था सम्बन्धी तस्वीर आदि)*

**७८. नगरपालिकाले घरायसी प्रयोग वा सडक वत्ती लगायतका क्षेत्रमा नवीकरणीय उर्जाको उत्पादन, उपयोग सम्बन्धी नीति, कार्यक्रम तर्जुमा गरेको छ, छैन ?**

(क) नवीकरणीय उर्जाको उत्पादन, उपयोग, नीति, कार्यक्रम नभएको ☐ ० अंक

(ख) नीति, कार्यक्रम र आयोजना बिकासको चरणमा रहेको ☐ ०.५ अंक

(ग) नवीकरणीय उर्जाको उत्पादन वा उपयोग सम्बन्धी परियोजना कार्यान्वयनमा आइसकेको ☐ १ अंक

*(पुष्ट्याइको आधार: नवीकरणीय उर्जा उत्पादन, उपयोग सम्बन्धी नीति, कार्यक्रम, परियोजना सम्बन्धी दस्तावेज)*

**७९. नगरपालिकाले आफ्नो नगरलाई पूर्ण सरसफाईयुक्त नगर घोषणा गर्ने नीति, कार्यक्रम कार्ययोजना तयार गरेको छ छैन ?**

(क) नीति, कार्यक्रम र श्रोत बिनियोजन नभएको ☐ सून्य अंक

(ख) नीति, कार्यक्रम, श्रोत बिनियोजन सहित कार्ययोजना तर्जुमा भई कार्यान्वयनमा रहेको ☐०.५ अंक

(ग) सूचक पूरा भई पूर्ण सरसफाईयुक्त नगर घोषणाको चरणमा रहेको ☐ १ अंक

*(पुष्ट्याइको आधार: पूर्ण सरसफाइ सम्बन्धी नीति, कार्यक्रम, कार्यान्वयन मापन सम्बन्धी दस्तावेज)*

## (ज) शहरी उत्थानशीलता र विपद् जोखिम व्यवस्थापन (Urban Resillience and Disater Risk Management) (पूर्णांक ५)

**८०. नगरपालिकासंग शहरी उत्थानशीलता तथा विपद व्यवस्थापन योजना तर्जुमा गरि कार्यान्वयनमा ल्याएको छ, छैन ?**

(क) शहरी उत्थानशीलता तथा विपद् व्यवस्थापन योजना नभएको ☐ ० अंक

(ख) शहरी उत्थानशीलता तथा विपद् व्यवस्थापन योजना तर्जुमा चरणमा रहेको ☐ ०.५ अंक

(ग) शहरी उत्थानशीलता तथा विपद् व्यवस्थापन योजना कार्यान्वयनमा रहेको ☐ १ अंक

*(पुष्ट्याइको आधार: शहरी उत्थानशीलता तथा विपद् व्यवस्थापन योजना दस्तावेज, वार्षिक कार्यक्रम, श्रोत विनियोजन सम्बन्धी आधिकारिक दस्तावेज)*

**८१. नगरपालिकासंग विपद जोखिम नक्सांकन, आपतकालिन उद्धार केन्द्र र उद्धार सामाग्रीहरु तयारी अवस्थामा राखेको छ, छैन ?**

(क) विपद् जोखिम नक्सांकन, आपतकालिन उद्धार केन्द्र र उद्धार सामाग्री सम्बन्धी कुनै व्यवस्था नभएको ☐ ० अंक

(ख) विपद् जोखिम नक्सांकन, आपतकालिन उद्धार केन्द्र स्थापना भएको छ ☐ ०.५ अंक

(ग) विपद् जोखिम नक्सांकन, आपतकालिन उद्धार केन्द्र सहित उद्धार राहत सामाग्री सहित पूर्ण तयारीको अवस्थामा रहेको ☐ १ अंक

*(पुष्ट्याइको आधार: आपतकालिन उद्धार सामाग्री केन्द्रको भौतिक अवस्था, उद्धार सामाग्रीको स्टक)*

**८२. नगरपालिकाको विपद् व्यवस्थापन कोषको संचालन र व्यवस्थापन गरिएको छ, छैन ?**

(क) विपद् व्यवस्थापन कोषको व्यवस्था गरिएको छैन ☐ ० अंक

(ख) विपद् व्यवस्थापन कोष तथा बजेट विनियोजन गरिएको छ, ☐ १ अंक

(ग) विपद् व्यवस्थापन कोषमा विनियोजित रकम खर्च गर्ने कार्यविधि समेत छ, ☐ २ अंक

*(पुष्ट्याइको आधार: विपद् व्यवस्थापन कोष संचालन कार्यविधि, श्रोत विनियोजन र निर्णय पुस्तिका)*

**८३. स्थानीयस्तरमा विपद व्यवस्थापन समितिहरुको क्रियाशीलताको अवस्था कस्तो छ ?**

(क) वडा तथा नगरस्तरीय विपद् व्यवस्थापन समितिहरु गठन नभएको ☐ ० अंक

(ख) वडा तथा नगरस्तरीय विपद् व्यवस्थापन समिति गठन भएको ☐ ०.५ अंक

(ग) विपद् व्यवस्थापन समिति संचालन कार्यविधि क्रियाशील रहेको अवस्था ☐ १ अंक

*(पुष्ट्याइको आधार: विपद् व्यवस्थापन समिति संचालन सम्बन्धी कार्यविधि, श्रोत विनियोजन र वैठक निर्णय पुस्तिका र उद्धार राहत सामाग्रीको भौतिक अवस्था)*

## सुशासन प्रवर्द्धन तथा सेवा प्रवाहसम्बन्धी नवप्रवर्तन तथा अनुकरणीय उत्तम अभ्यास (पूर्णांक ३)

**८४. नगरपालिकाबाट पारदर्शिता, कानून तर्जुमा आदि सुशासन प्रवर्द्धन तथा सेवा प्रवाहका क्षेत्रमा भएका नवप्रवर्तनीय (Innovative) वा अनुकरणीय उत्तम अभ्यास वारे संक्षिप्तमा देहायको ढाँचामा बढीमा २ पेजमा उल्लेख गर्नुहोस् ।**

(थप जानकारीका लागि आवश्यकता अनुसार नेपाल नगरपालिका संघबाट सम्पर्क गरिनेछ)

१ शीर्षक :

२ संक्षिप्त पृष्ठभूमि :

३ संक्षिप्त विवरण :

४ नवप्रवर्तन (Innovative) वा अनुकरणीय वा उदाहरणीय अभ्यासका रुपमा लिनुको कारण उल्लेख गर्ने :

५ सबल पक्ष :

६ चुनौति :

७ थप जानकारीका लागि सम्पर्क व्यक्तिको नाम, पद, ठेगाना, फोन/मोवाइल नं.:

## वित्तीय अनुशासन तथा परिचालन सम्बन्धी नवप्रवर्तन तथा अनुकरणीय उत्तम अभ्यास (पूर्णांक ३)

**८५. नगरपालिकाबाट वित्तीय अनुशासन तथा परिचालन का क्षेत्रमा भएका नवप्रवर्तनीय (Innovative) वा अनुकरणीय उत्तम अभ्यास वारे संक्षिप्तमा देहायको ढाँचामा बढीमा २ पेजमा उल्लेख गर्नुहोस् ।**

(थप जानकारीका लागि आवश्यकता अनुसार नेपाल नगरपालिका संघबाट सम्पर्क गरिनेछ)

१ शीर्षक :

२ संक्षिप्त पृष्ठभूमि :

३ संक्षिप्त विवरण :

४ नवप्रवर्तन (Innovative) वा अनुकरणीय वा उदाहरणीय अभ्यासका रुपमा लिनुको कारण उल्लेख गर्ने :

५ सबल पक्ष :

६ चुनौति :

७ थप जानकारीका लागि सम्पर्क व्यक्तिको नाम, पद, ठेगाना, फोन/मोवाइल नं.:

**योजना, वातावरण तथा उत्थानशिलता सम्बन्धी नवप्रवर्तन तथा अनुकरणीय उत्तम अभ्यास (पूर्णांक ३)**

**८६. नगरपालिकाबाट योजना तर्जुमा, वातावरण संरक्षण र उत्थानशिलताका क्षेत्रमा भएका नवप्रवर्तनीय (Innovative) वा अनुकरणीय उत्तम अभ्यास वारे संक्षिप्तमा देहायको ढाँचामा बढीमा २ पेजमा उल्लेख गर्नुहोस् ।**

(थप जानकारीका लागि आवश्यकता अनुसार नेपाल नगरपालिका संघबाट सम्पर्क गरिनेछ)

१ शीर्षक :

२ संक्षिप्त पृष्ठभूमि :

३ संक्षिप्त विवरण :

४ नवप्रवर्तन (Innovative) वा अनुकरणीय वा उदाहरणीय अभ्यासका रुपमा लिनुको कारण उल्लेख गर्ने :

५ सबल पक्ष :

६ चुनौति :

७ थप जानकारीका लागि सम्पर्क व्यक्तिको नाम, पद, ठेगाना, फोन/मोवाइल नं.:

| **तयार गर्ने** | **रुजु गर्ने** | **प्रमाणित गर्ने** |
|---|---|---|
| ...................................... | .......................................... | .......................................... |
| ...................................... | **प्रमुख प्रशासकीय अधिकृत** | **नगर प्रमुख** |

*मिति : २०७६/ /*

*कार्यालयको छाप*